# बेलबारी नगरपालिका
## BELBARI MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
OFFICE OF MUNICIPAL EXECUTIVE

बेलबारी, मोरङ

BELBARI, MORANG

प्रदेश नं. १, नेपाल

(PROVIENCE - 1. NEPAL)

☎ 021-434259
021-434213


पत्र संख्या- ०७८/७९
चलानी नं.- ४२५८

मिति-२०७९/०२/१६

बिषय- सुचना टाँस गरि आवश्यक सहयोग गरिदिने सम्बधमा ।

श्री वडा अध्यक्ष ज्यू

सबै वडा कार्यलय,

बेलबारी नगरपालिका, मोरङ

प्रस्तुत बिषयमा, राष्ट्रिय भुमि आयोग, जिल्ला समिति मोरङको मिति-२०७९/०२/१२ गतेको पत्र अनुसार राष्ट्रिय भूमि आयोग ताहाचल, काठमाण्डौंले प्रकाशित गरेको जग्गाको स्वामित्व, दर्ता श्रेस्ता, फिल्डबुक प्रमाणित लगायतका विषयमा निवेदन दिने सम्बन्धी ३५ दिने सुचनाको प्रतिलिपि तहाँ वडामा टाँस गरि मिति-२०७९/०३/१५ गते सम्म निवेदन भर्न आवश्यक सहयोग तथा प्रचारप्रसार गरिदिनु हुन अनुरोध छ ।

बोधार्थः-

श्रीमान नगर प्रमुख/उप प्रमुख ज्यू- जानकारीका लागि ।

श्री सामान्य प्रशासन शाखा- जानकारीका लागि ।

श्री सुचना प्रविधि शाखा- website र facebook page मा upload गरिदिनु हुन ।

महेन्द्र खड्का
अधिकृत स्तर आठौं

# राष्ट्रिय भूमि आयोग

## ताहाचल, काठमाडौं

फोन नं. ०१-५३१२९३६/५३१३९३२

## जग्गाको स्वामित्व, दर्ता श्रेस्ता, फिल्डबुक प्रमाणित लगायतका विषयमा निवेदन दिने सम्बन्धी ३५ (पैंतिस) दिने सूचना ।

प्रकाशित मिति : २०७९/०२/१२ गते

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजात सहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा ३५ (पैंतिस) दिनभित्र निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।